# औरही नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
औरही, महोत्तरी
मधेश प्रदेश, नेपाल

प.सं.: २०८२/८३(योजना शाखा)
च.नं.: १६१५

www. aurahimunmahottari.gov
aurahimunmahottari@gmail.c

मिति :- २०८३/०२/१८

श्री वडा कार्यालय (१-९), सबै
औरही नगरपालिका, महोत्तरी ।

विषय :- बजेट सिलिङ तथा मार्गदर्शन सम्बन्धमा ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ मा भएको व्यवस्था तथा स्थानीय तहको योजना तर्जुम दिग्दर्शन, २०७४ मा भएको व्यवस्था बमोजिम तहाँ वडा कार्यालयले आगामी आर्थिक वर्ष २०८३/०८४ क लागि तपसिलको बजेट मार्गदर्शन बमोजिम योजना छनौट गरी २०८३/०३/०३ गते सम्म यस कार्यालयमा पेश गर्नु हुन अनुरोध छ ।

तपसिल:-

१. आ.व. २०८३/०८४ को लागि प्रति वडा रु ५०,००,०००।– ( पचास लाख) को सिलिङ प्रदान गरिएको छ।
२. योजना तथा कार्यक्रम छनौट गर्दा वडाका वस्तिहरुमा रहेका सम्पूर्ण सरोकारवालाहरुको उपस्थितिमा सहभागितामूलक तरिकाले गर्नुपर्ने छ । सो व्यहोरा प्रमाणित हुने फोटो समेत पेश गर्नु पर्नेछ ।
३. बस्तिस्तरबाट छनौट भएका योजना तथा कार्यक्रमहरु वडा समितिमा छलफल गरी नेपाल सरकारको सोह्रौं आवधिक योजना, दिगो विकास लक्ष्य, संघीय सरकारको आगामी आ.व. को नीति तथा कार्यक्रम समेत आधार मानी प्राथमिकता निर्धारण गरी निर्धारित समय भित्र नगर कार्यपालिकाको कार्यालयमा कार्यक्रम पेश गर्नु पर्ने छ।
४. आवश्यकता र औचित्यताको आधारमा लक्षित बर्गको लागि बजेट विनियोजन गर्नु पर्ने छ । वडा अन्तर्गत रहेका जाति वर्ग, धर्म बिशेष कार्यक्रम तथा पर्वहरुको लागि औचित्यता र आवश्यकताको आधारमा बजेट विनियोजन गर्नु पर्नेछ ।
५. वडा अन्तर्गत रहेको महिला, बालबालीका, दलीत, विपन्न, मुसहर तथा ज्येष्ठ नागरिक लगायतका कमजोर आर्थिक अवस्था र न्यून सामाजिक सक्षमता भएका वडावासिको आर्थिक जीवनस्तर उत्थान हुने र उत्पादन तथा उत्पादकत्व अभिवृद्धिमा प्रत्यक्ष योगदान गर्ने कार्यक्रम तयार गर्नु पर्नेछ ।
६. योजना तथा कार्यक्रम छनौट गर्दा टुक्रे तथा साना योजना भन्दा दीर्घकालिन र रोजगारी सिर्जना गर्ने प्रकृतिका योजनाहरू छनौट गर्नु पर्ने छ ।
७. वडा कार्यालयको आवश्यकता र औचित्यको आधारमा कार्यालय संचालन खर्चको लागि बजेट विनियोजन गर्नु पर्नेछ ।

निलाम्बर मिश्र
योजना तथा प्रशासन शाखा प्रमुख

निलाम्बर मिश्र
अधिकृत सातौं
प्रशासन शा...

**बोधार्थ तथा अवगतार्थ:**

श्रीमान नगर प्रमुखज्यू, औरही नगरपालिका, महोत्तरी: जानकारीको लागि ।
श्रीमान उपप्रमुखज्यू, औरही नगरपालिका, महोत्तरी: जानकारीको लागि ।